# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र ९ गते २०२१ साल

श्री ५ को सरकार
### वन, कृषि मन्त्रालयको
### सूचना

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ८ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारमा रहेको अधिकार श्री ५ को सरकारले यो आदेश प्रकाशित भएका मितिदेखि २०२१ साल कार्तिक मसान्ततक आफ्नो जिल्लाभित्र प्रयोग गर्न पाउने गरी स्थानीय सबै बडाहाकिम वा त्यस्तो बडाहाकिमको काम सम्हाल्ने निम्नलिखित अञ्चलाधीशहरूलाई सो जिल्लाभित्र प्रयोग गर्न पाउने गरिदिएको छः-

| | | |
|---|---|---|
| १) अञ्चलाधीश | महाकाली | डडेल्धुरा गौंडा |
| २) अञ्चलाधीश | सेती | कैलाली ेस्वारा |
| ३) अञ्चलाधीश | भेरी | दैलेख गौंडा |
| ४) अञ्चलाधीश | राप्ती | सल्यान गौंडा |
| ५) अञ्चलाधीश | कर्णाली | जुम्ला गौंडा |
| ६) अञ्चलाधीश | धवलागिरी | बाग्लुङ्ग गौंडा |
| ७) अञ्चलाधीश | लुम्बिनी | पाल्ही माझखण्ड गोस्वारा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८) अञ्चलाधीश | गण्डकी | पश्चिम ३ नं. गोस्वारा |
| ९) अञ्चलाधीश | नारायणी | चिसापानीगढी |
| १०) अञ्चलाधीश | जनकपुर | पूर्व २ नं. गोस्वारा |
| ११) अञ्चलाधीश | सगरमाथा | सप्तरी गोस्वारा |
| १२) अञ्चलाधीश | कोशी | मो. वि. गोस्वारा |
| १३) अञ्चलाधीश | मेची | इलाम गौंडा |

यस अघि निम्नलिखित जिल्लाका बडाहाकिम तथा अञ्चलाधीशलाई उक्त अधिकार दिई प्रकाशित भएका आदेशहरू खारेज गरिएको छ।

(१) प्यूठान जिल्लाका बडाहाकिम
(२) धनकुटा जिल्लाका बडाहाकिम
(३) दाङ्गदेउखुरी जिल्लाका बडाहाकिम
(४) प. ३ नं. अञ्चलाधीश
(५) प. ३ नं. जिल्लाका बडाहाकिम

आज्ञाले–
कृष्णबहादुर देउजा।
श्री ५ को सरकारको सह–सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२०